# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

## हाम्रो उद्धेश्य मुलुकमा सुशासन कायम गराउने होः प्रमुख आयुक्त बस्न्यात

........................................................................................

काठमाडौं, मंसिर ७ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त दीप बस्यातले आयोगमा कार्यरत अनुसन्धान अधिकृतहरुलाई साधन स्रोतको विषयमा चिन्ता नगरी आयोगको काम कारवाहीलाई अझ प्रभावकारी र परिणाममुखी कसरी बनाउन सकिन्छ भन्नेतर्फ केन्द्रित रहन निर्देशन दिनुभएको छ ।

विहीवार आयोगमा प्रहरी महाशाखाको तर्फबाट अनुसन्धान तथा कारवाहीका क्षेत्रमा भएका कार्य प्रगतिको बारेमा जानकारी लिन आयोजित कार्यक्रमलाई निर्देशन दिदैं प्रमुख आयुक्त बस्न्यातले आयोगमा कार्यरत हामी सवैको उद्धेश्य भनेको भ्रष्टाचार नियन्त्रण गरी मुलुकमा सुशासन कायम गराउने हो भन्नु भयो ।

उहाँले यस कार्यमा विभिन्न किसिमका तालिम र अनुभवबाट खारिएका व्यक्तिहरुबाट बस्तुनिष्ट र गम्भीरताका साथ गरिएका अनुसन्धान तथा कारवाहीहरु आयोगका लागि मात्र होइन आम नागरिकका लागि समेत सन्तोषको विषय बन्दै गएको छ भन्नुभयो । उहाँले प्रहरी अनुसन्धान अधिकृतहरुको काम कारवाही स्वागतयोग्य रहेको उल्लेख गर्दै यस कार्यमा आउने जुनसुकै समस्या समाधान गर्न आयोग तयार रहेको स्पष्ट पार्नुभयो ।

आयोगले प्रमाणमा आधारित अनुसन्धान पद्धतिको विकासका लागि विभिन्न किसिमका अनुसन्धान प्रविधि प्रयोगमा ल्याएको छ र आवश्यकता अनुरुप बढाउदै लैजान सकिने समेत उल्लेख गर्दै प्रमुख आयुक्त बस्न्यातले आयोगले स्थापना गरेको सिभिल इन्जिनियरिङ ल्याव चाँडै नै प्रयोगमा आउने छ भन्नु भयो । उहाँले यसका साथै फरेन्सिक ल्याव, सि.डि.आर. एनालाइसिस, इन्टेलिजेन्स बेस्ड इन्भेष्टिगेशनका साथै चाडै नै प्रयोगमा आउन लागेको अफिस अटोमेशन पद्धतिले आयोगको कामलाई अझ व्यवस्थित र प्रभावकारी बनाउने विश्वास व्यक्त गर्नुभयो ।

सो अवसरमा प्रहरी नायव महानिरीक्षक उत्तमकुमार कार्कीले अनुसन्धानका क्रममा भएका प्रगति र यस क्रममा आइपर्ने समस्या भावी रणनीतिका बारेमा आयोगका प्रमुख आयुक्त, आयुक्तहरु र वरिष्ठ अधिकृतहरुलाई जानकारी गराउनु भएको थियो ।

कार्यक्रममा माननीय आयुक्तहरु नवीनकुमार घिमिरे, डा. गणेशराज जोशी, राजनारायण पाठक, डा. सावित्री थापा गुरुङ, आयोगका सचिव राजन खनाल लगायत वरिष्ठ अनुसन्धान अधिकृतहरुको उपस्थिति रहेको थियो ।